# अमेरिकन फौजी किरा र यसको व्यवस्थापन

सम्पुर्ण मकै लगाउने कृषकहरूको लागि अनुरोध ।


मकै वालीमा भर्खरै उम्रिएका देखि घुँडाको उचाइ सम्म आएका सबै अबस्थाका बोटहरुमा अमेरिकन फौजी किरा र फाटफुट गवारो किराको आक्रमण देखा पर्न थालेको छ। तपाईहरूको खेतबारीमा फौजीकीरा लागेको कसरी थाहा पाउने र यसको ब्यवस्थापन कसरी गर्ने भन्न् बारेमा जानकारी गराउन चाहान्छौ। निम्न कुराहरू खेतबारीमा अबलोकन गर्दा देखीएमा तपाईको मकैबालीमा फौजीकीरा लागेको पक्का हो भनेर थाहा पाउन सकिन्छ ।

- खेतबारीको नियमित अबलोकन गर्दा यदि पातमा सेता धब्बाहरू देखीएमा र पातको हरीयो भाग खाएको पाइएमा यो फौजीकीराको क्षति सुरू भयो भन्ने थाहा पाउनु पर्दछ । सुरूका मसीना लार्भाहरूले पातको हरीया भागहरू कोत्रेर खाने गर्दछन ।
- पातको तल्लो पट्टि वा माथील्लो भागमा नियालेर हेर्दा अन्डाहरू देखीएमा पनि यो फौजीकीरा लागेको थाहा हुन्छ ।
- ठुला कीराहरूले पात, गुभो खाएको स्पष्ट देखिन्छ, साथै प्रसस्त किराको दिसाहरु पनि देखिन्छ ।
- लार्भालाई निकालेर हेर्दा पछाडीको खन्डमा चित्रमा देखीएको जस्तो बर्गाकार ४ वटा थोप्लाहरू देखीएमा यो फौजीकीराको लार्भा हो भनेर एकीन गर्न सकिन्छ ।
- लार्भाले विरुवाको नरम भागहरु खाएर बोटलाई हानि पुऱ्याउँछ। लार्भाको शरिरमा माथि देखि तलसम्म फिक्का पट्टि देखिन्छ र टाउको गाडा रंगको हुन्छ । लार्भाको कालो टाउकोमा फिक्का, उल्टो Y आकारको पट्टिहरू देखिन्छ । लार्भाको शरीरको आठौं खण्डमा चार गाढा थोप्लाहरु हुन्छन । जब लार्भा परिपक्व हुन्छ, त्यसको शरीरको रंग हल्का हरियो बाट गाढा खैरोमा परिवर्तन हुन्छ। (फोटोहरू तल हेर्नुहोस्।)
- दिउँसोको समयमा गुभो नियालेर हेर्दा माउहरू पनि लुकेर बसेको देखिन्छ ।

## यसको ब्यबस्थापन विधिहरु

- खेतबारीको नियमित अबलोकन गरी, अन्डाहरू संकलन गरी नष्ट गर्ने । यसो गर्दा अन्डाहरूबाट लार्भा निस्कन पाउदैनन र संख्या घटन जान्छ ।
- खेतबारी वरीपरी सरसफाई राख्नाले यो कीरा लुकेर बस्न पाउदैन ।
- खेतवारीमा रासायनिक मल सिफारीस मात्रामा राख्ने ।
- बीउ उपचार गरेर रोपेमा बोट ३, ४ पातहुँदा सम्म यो कीरा लाग्न सक्दैन । बीउ उपचारको लागी जस्तै इमीडाक्लोरोपीड ४८% यफ.यस. नामक बिषादी ४ एम.एल. प्रति किलोग्राम बिउका दरले उपचार गरि छर्ने ।

- पातमा मसीनो कीरा देखीनासाथ बजारमा उपलब्ध भएका नीमजन्य बिषादी हालेर यो कीरा समयमै नियन्त्रण गर्न सकिन्छ ।
- गाउँघरमा पाइने जडीबुटीहरू जस्तै निम, बकाइनो, तितेपाती, खुर्सानी, असुरो आदी मिसाएर गाइको पिसाबमा पकाउने र आएको रसमा १ भाग रसमा १० भाग पानी मीसाएर टंकीको सहायताले पुरै बोट, गुभो भिज्ने गरी छर्ने, यो ६, ७ दिनको फरकमा पुन छर्ने ।
- ठुला कीराको लागी गाउँघरमा पाइने खरानी वा काठको धुलो वा मसीनो माटो मकैको गुभोमा थोरै थोरै राखीदिनाले पनि किराहरू मर्दछन ।
- यदी यसो गर्दा पनि कीराको प्रकोप देखीएमा बजारमा उपलब्ध हुने सुरक्षीत विषादि छर्नु पर्दछ । बिषादीमा स्पाइनोस्याड ०.३ एम.एल. प्रती लिटर पानी वा क्लोरान्टानीलीप्रोल ०.४ एम.एल. वा स्पाइनेटोराम ०.४ एम.एल. वा इमामेक्टीन बेन्जोएट ०.४ ग्राम प्रती लिटर पानीमा राखेर कुनै एक बिषादी पुरै पात गुभो भिज्ने गरी छर्ने । दोश्रो पटक छर्न परेमा पहिला छरेको बिषादी नभै माथी सिफारिस गरिएका कुनै एक बिषादी छर्ने किनकी लगातार एउटै बषादी छर्दा कीराले बिषादी पचाउन सक्ने भएकJले काम नगर्न पनि सक्छ । विषादी छर्दा बेलुका २, ३ बजेतीर छर्नु पर्दछ । । किरा लागेका बोटहरुको गुबोमा पर्ने गरि विषादी छर्ने ।



**Fall armyworm** (*Spodoptera frugiperda*) is a new pest in Africa, attacking maize, but can also feed on other crops.

The caterpillars are mainly found feeding on young maize plants, but they can also attack a range of other crops including millet, sorghum, rice, wheat, sugar cane and vegetables.

Leaf damage is usually characterized by ragged feeding, and moist sawdust-like frass near the funnel and upper leaves. Early feeding can appear to be similar to other stem borers. Deep feeding in the leaf funnel may destroy developing tassels.

Caterpillars tend to enter through the side of the ear and feed on developing kernels. This is in contrast to stem borer caterpillars that normally enter the ear from the top or the bottom.

थप जानकारीको लागिः
सरिता सापकोटा
बा.स.अ.सातौ
९८४१०३५१८२